# कानेपोखरी गाउँपालिका
## Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
बयरवन, मोरङ / Bayarban, Morang

(सामान्य प्रशासन शाखा)

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal


प.सं.:२०७९/०८०

मिति:-२०७९/०६/०५

च.नं.: ५४४

**विषय: राष्ट्रिय परिचयपत्र दर्ताका लागि विवरण सङ्कलन अभियान सार्वजनिक विदाको दिनमा समेत सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिकामा राष्ट्रिय परिचयपत्र दर्ताका लागि विवरण सङ्कलन अभियान सञ्चालन हुँदै आएको व्यहोरा सर्वविदितै छ। यस अभियानलाई सफल बनाउनु प्रत्येक नागरिकको कर्तव्य पनि हो। नेपालीहरुको महान चाड नजिकिँदै गरेको हुँदा सो अभियान यथासक्य छिटो सम्पन्न गर्नका लागि शनिवार र सार्वजनिक विदाको दिनमा समेत सुचारु रहने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त अभियानलाई लक्षित गरी शनिवार र सार्वजनिक विदाको दिनमा समेत राष्ट्रिय परिचयपत्रसँग सम्वन्धित सेवा गाउँपालिका तथा सबै वडावाट नियमित रुपमा प्रवाह हुने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, उक्त अभियानमा खटिएका रुजु अधिकारी र वडामा कार्यरत कर्मचारीहरु शनिवार र सार्वजनिक विदाको दिनमा समेत अनिवार्य रुपमा खटिनु हुन निर्देशित गरिन्छ।

**पुनश्चः-** कार्यालय समय वाहेकको समय र सार्वजनिक विदाका दिनमा खटिने रुजु अधिकारी/दर्ता सहयोगी र वडा कार्यालयका कर्मचारी र परिचय पत्र विवरण सङ्कलन अभियानमा खटिने जनशक्तिलाई कानेपोखरी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८ मा व्यवस्था भए बमोजिम खाना तथा खाजा खर्चको व्यवस्था समेत कार्यालयबाट उपलब्ध गराइनेछ।

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत




CamScanner